# बडिमालिका नगरपालिकाको तेश्रो नगरपरिषद्बाट पारित आ.व. २०७४/७५ को नीति, योजना, कार्यक्रम तथा बजेट बक्तब्यः

बडिमालिका नगरपालिकाको तेश्रो नगरपरिषद्वारा पारित आ.व. २०७४/७५ को नीति, योजना, कार्यक्रम तथा बजेट सार्वजनिकीकरण समारोहकाः

- प्रमुख अतिथि व्यवस्थापिका संसद सदस्य माननीय बद्री प्रसाद पाण्डे ज्यु,
- विशिष्ट अतिथि नेपाल कम्युनिष्ट पार्टी एमालेका केन्द्रीय सदस्य तथा पुर्व जिविस सभापती श्रदेय लाल बहादुर थापा ज्यु,
- वाजुरा जिल्लामा क्रियाशिल सम्पूर्ण राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
- श्रीमान प्रमुख जिल्ला अधिकारीज्यू,
- श्रीमान स्थानीय विकास अधिकारीज्यू,
- नगरस्तरीय सम्पूर्ण राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
- महिला नगर समन्वय समितिका उपाध्यक्षज्यू,
- अपाङ्ग नगर समन्वय समितिका उपाध्यक्षज्यू,
- विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
- सुरक्षा निकायका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
- वाजुरा उद्योग वाणिज्य संघका अध्यक्षज्यू,
- एकीकृत योजना तर्जुमा समितिका सदस्यज्यूहरु,
- राजश्व परामर्श समितिका सदस्यज्यूहरु,
- पत्रकार महासंघ वाजुराका अध्यक्ष एवं पदाधिकारीज्यूहरु,
- गैरसरकारी एवं सामुदायिक संघसंस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
- नगरपालिका अन्तर्गतका साविकका गा.वि.स.का निवर्तमान अध्यक्ष एवं पदाधिकारीज्यूहरु,
- बडिमालिका नगरस्तरीय बाल सञ्जालका अध्यक्षज्यू,
- वडा नागरिक मञ्चका संयोजक एवं सदस्यज्यूहरु,
- राजनीतिक, आर्थिक, सामाजिक एवं शैक्षिक क्षेत्रमा क्रियाशील विशिष्ट महानुभावहरु,
- सञ्चारकर्मी मित्रहरु एवं सम्पूर्ण अतिथिज्यूहरु,
- कर्मचारी मित्रहरु एवं
- उपस्थित सम्पूर्ण नगरबासी दाजुभाई तथा दिदिबहिनीहरु ।

सर्वप्रथम मुलुकमा लोकतन्त्र, राष्ट्रहित र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका विभिन्न संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै नेपालभूमिको उन्नति र प्रगतिका खातिर जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरुप्रति हार्दिक श्रद्धान्जलि अर्पण एवं उच्च सम्मान प्रकट गर्न चाहन्छु । शहिदहरुको सपना र मार्गदर्शन बमोजिम नेपाललाई उन्नतिको शिखरमा पु¥याउने उत्कट इच्छालाई कार्यरुपमा उतार्न सदा प्रयत्नशील रहँदै "**सवैको रहरः समृद्ध बडिमालिका नगर** भन्ने नारालाई साकार तुल्याउन हामी सवैलाई प्रेरणा मिलोस भन्ने अपेक्षा प्रकट गर्दछु ।

साथै यस बडिमालिका नगरपालिकाको तेश्रो नगरपरिषद् सार्वजनिकीकरण समारोहमा उपस्थित भई यस समारोहको गरिमा बढाइदिनुहुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु, सम्पूर्ण महानुभावहरुप्रति हार्दिक स्वागत एवं सम्मान ब्यक्त गर्दछु ।

वडिमालिका माताको काखमा अवस्थित प्राकृतिक सुन्दरताले भरीपूर्ण नेपालकै जैतुनका लागी प्रसिद्द जिल्ला, बुढीगँगाको किनारमा अवस्थित समग्र जिल्लाको आर्थिक, सामाजिक, धार्मिक एवं पर्यटकीय दृष्टिले महत्वपूर्ण केन्द्रको रुपमा रहेको यस बडिमालिका नगरपालिकाको तेश्रो नगरपरिषद मार्फत आ.व. २०७४/७५ को वार्षिक नीति, योजना, बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ ।

आदरणीय महानुभावहरु,

प्रस्तुत नीति, योजना, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्नलिखित विषयहरुलाई मार्गदर्शनको रुपमा लिएको छु ।

- नेपालको संविधान,
- चालु त्रिवर्षीय योजनाले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्यहरु,
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको बजेट सिलिङ्ग र मार्गदर्शन,
- स्थानीय स्वायत्त शासन ऐन र नियमका व्यवस्थाहरु,
- स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९,
- सहभागितात्मक र समावेशी योजना तर्जुमा प्रक्रियाद्धारा छनौट भई आएका योजना तथा कार्यक्रमहरु,
- वडा नागरिक मञ्च एवं वडाभेलाबाट सिफारिस भैआएका योजना तथा कार्यक्रमहरु,
- स्थलगत रुपमा गरिने योजनाहरुको अनुगमन तथा सुपरिवेक्षणबाट प्राप्त सिकाई,
- विगतका समिक्षा तथा कार्यानुभवबाट प्राप्त पृष्ठपोषणहरु ।

प्रस्तुत नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमाको क्रममा सार्वभौमसत्ता सम्पन्न जनताको अधिकार, छनौटको अवसर र आवाजको सम्मान गर्दै निर्धारित बजेट सिलिङ्ग भित्र रहेर वडा भेलाबाट पारित भई आएका योजनाहरुलाई हुवहु एकीकृत योजना तर्जुमा समित एवं नगरबोर्ड हुँदै नगरपरिषद् वाट पास हुने व्यवस्था मिलाएको छु । यद्यपि लक्षित वर्गतर्फको सन्दर्भमा कतिपय वडा भेलाबाट बजेट सिलिङ्गलाई आधार मानी ठोसरुपमा कार्यक्रम प्रस्ताव हुन नसकेको हुँदा वडावासी जनताले नै प्राथमिकतामा राखेका कार्यक्रमहरुलाई उनिहरुकै सहभागितामा निर्णय हुने गरी प्रस्तावित कार्यक्रम तयार गरेको छु ।

हामीले अवलम्बन गरेको योजना अभ्यासका सवल पक्षहरुको सवलीकरण र दुर्वल पक्षहरुको न्यूनीकरण गर्दै समग्र योजना प्रक्रियामा मितव्ययीता, कार्यदक्षता र प्रभावकारिता हासिल गर्न निरन्तर सुधारको विधिलाई आत्मसात गर्दै स्थानीय स्वशासनको मान्यतालाई कार्यरुपमा उतार्नु आजको प्रमुख आवश्यकता हो । यस सन्दर्भमा योजना प्रक्रियामा स्थानीय जनताको अपेक्षित सहभागिता हुन नसक्नु, स्थानीय निकायहरु जनप्रतिनिधिविहिन अवस्थामा रहनु, लक्षित वर्गको अपेक्षित सहभागितामा झनै कमी, श्रोत र साधनको अपर्याप्तता लगायतका विविध चुनौतिहरु समेत विद्यमान रहेका छन् । यी चुनौतिहरुको कुशल ढंगले सामना गर्दै बडिमालिका नगरपालिकालाई समृद्धिको दिशातर्फ डोर्‍याउन सामाजिक परिचालन,

सामुदायिक विकास एवं सहभागितामूलक विकासको ढाँचालाई प्राथमिकता र प्रश्रय दिइएको व्यहोरा समेत अवगत गराउन चाहन्छु ।

**यस सार्वजनिकीकरण समारोहका प्रमुख अतिथिज्यू विशिष्ट अतिथिज्यू एवं उपस्थित सम्पूर्ण महानुभावहरु,**

स्थानिय निकाय जनताको अत्यन्त नजिकको सरकार हो ।स्वभाविक रुपमा स्थानिय सरकारसँग जनताका धेरै आशा र अपेक्षाहरु हुन्छन । स्थानीय समस्या, अवसर सम्भावना र चुनौतिबारे स्थानीय जनताभन्दा अरु कोहि विज्ञ हुनै सक्दैन । विकेन्द्रीकरणको यही मूलभूत मान्यतालाई आत्मसात गर्दै पारदर्शिता, उत्तरदायित्व, स्थानीय शासन एवं सुशासनलाई मजबुत बनाउन तपाई हामी सबैको भूमिका प्रवल रहनेमा कुनै शंका छैन । यही भूमिकालाई बढोत्तरी गर्दै प्रस्तुत नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट नगरपालिकाले लक्षित गरेका उद्देश्यहरु हासिल गर्नुका साथै राष्ट्रिय लक्ष्य हासिल गर्न समेत टेवा पुग्न जाने विश्वास लिएको छु ।

**यस सार्वजनिकीकरण समारोहका प्रमुख अतिथिज्यू विशिष्ट अतिथिज्यू एवं उपस्थित सम्पूर्ण महानुभावहरु,**

रणनीतिक हिसावले आर्थीक, पर्यटकिय तथा सामाजिक विकासका प्रचुर सम्भावनाहरु बोकेको बडिमालिका नगरपालिकालाई नेपाल सरकारले मिति २०७१ मँसिर १६ गते घोषणा गरी शहरी विकासको यात्रामा शुभारम्भ गराएको छ । यस नगर तथा आसपासका क्षेत्रहरुमा बसोबास बढ्दै गएको अवस्थामा सडक, खानेपानी बिद्युत, शिक्षा, स्वास्थ्य जस्ता शहरी आधारभुत सेवा सुविधाको मागमा थप दवाव पर्न गएको र यसलाई सम्वोधन गर्ने सन्दर्भमा उत्पादनमुलक, ब्यापार तथा सेवामुलक उद्यमहरुको विकासमा नीतिगत सुधार सम्पुर्ण, ब्यबस्थापकिय क्षमता विकास विकास, साझेदारहरुको पहिचान र उपयोग जस्ता विषयहरुमा परम्परागत ढँगबाट मात्र नभई दीर्धकालिन एवँ रणनीतिक दृष्टिकोणबाट सोच्न र सोही अनुसार अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना सहित क्रमशः अगाडी बढ्नु पर्ने वेला आईसकको तथ्य पनि यस अवसरमा अनुरोध गर्न चाहन्छु ।

**यस सार्वजनिकीकरण समारोहका प्रमुख अतिथिज्यू विशिष्ट अतिथिज्यू एवं उपस्थित सम्पूर्ण महानुभावहरु,**

अव म आगामी आव २०७४।७५ को दीर्घकालिन सोच, उद्देश्य, नीति तथा कार्यक्रम बारे सँक्षिसमा उललेख गर्न चाहन्छु ।

**क) दीर्घकालिन सोचः लोकतान्त्रिक मूल्य मान्यतामा आधारित स्थानीय स्वायत्त शासनको माध्यमद्धारा जनताको जीवनस्तर सुधार ल्याउने ।यसका लागी तपसिल बमोजिमका दीर्घकालिन नीति अवलम्बन गरिने छ ।**

- एकीकृत र दीर्घकालिन विकासको निम्ती आवधिक पञ्चबर्षिय योजना तर्जुमा गरि कार्यान्वयन गर्ने ।
- कृषी, तरकारी खेती, फलफुल खेती तथा पशुपालन मार्फत रोजगारी श्रृजना गरी गरिवि न्युनिकरणमा टेवा पुर्याउने ।
- धार्मिक, साँस्कृतिक र प्राकृतिक सम्पदाको विकास तथा प्रवर्द्दन गरी पर्यटकिय नगरीको रुपमा विकास गर्ने ।
- लैगिँक समानता र सामाजिक समावेशीकरण मार्फत सामाजिक न्याय स्थापित गर्ने ।
- सार्वजनिक सम्पत्तिको सँरक्षण र प्रवर्द्वन गर्ने ।

- सार्वजनिक पारदर्शिता, उत्तरदायित्व र अनुशासन कायम गरी नगरवासीहरुलाई सुशासनको अनुभुति दिई राष्टियस्तरमै पहिचान कायम गर्ने ।
- शिक्षा, स्वास्थ्य, भाषा, साहित्य र खेलकुदको विकास गर्ने ।
- सुचना प्रविधिको विकास र विस्तार गरी सेवा प्रवाहलाई छरितो तुल्याउने ।
- सरसफाई र वातावरण सँरक्षणमा विशेष जोड दिई त्यस क्षेत्रमा अग्रणी नगरपालिकाको रुपमा स्थापित गर्ने ।
- भौतिक तथा आर्थीक सामाजिक पुर्वाधार विकास गर्ने ।
- सार्वजनिक निजी साझेदारी कार्यक्रम अन्तर्गत निजी क्षेत्र, दातृ निकाय, गैससको सहभागिताको लागी अझ प्रोत्साहन गर्ने।

**ख) उद्देश्यहरुः**

- विकासका पुर्वाधारहरुको विस्तार र पहुँच वस्तीस्तरसम्म वृद्धि गरी विकासका अवसरहरुलाई पर्याप्त उपयोग गर्ने अवस्थाको सुनिश्चितता गर्ने ।
- समावेशी र समन्यायिक विकासको अवधारणा मार्फत विभिन्न वर्ग, क्षेत्र, लिँग, सम्प्रदाय, जातजातीको सार्वजनिक श्रोत साधनमा पहुँच अभिबृद्धि गर्ने ।
- उत्पादनमुलक क्षेत्रमा व्यवसायिकता र उद्यमशीलताको विकास एवँ सामाजिक परिचालन मार्फत गरिवि न्युनीकरणमा विशेष जोड दिने ।
- विकासको दृष्टिले पछाडी परेका वडाहरुमा प्राथमिकताका साथ विकास कार्यक्रमहरु पुर्याई जनताको सामाजिक तथा आर्थिक रुपान्तरणमा सहयोग पुर्याउने ।
- सुरक्षित खानेपानी, सरसफाई र स्वास्थ्य सम्बन्धि चेतनाको स्तरोन्नती गरि दीर्घकालिन लक्ष्य प्राप्तीमा टेवा पुर्याउने ।
- विकास कार्यक्रम तथा आयोजनाहरु सँचालन गर्दा सरोकारवालाहरु विच समन्वय गर्दै जनसहभागिता, पारदर्शिता र उत्तरदायित्व बढाई सुशासनको प्रत्याभुती दिने ।
- समृद्व र श्रोत सम्पन्न नगरको रुपमा विकास गर्ने ।

**उपस्थित आदरणीय महानुभावहरु,**

अव म गत आ.व. ०७२/०७३ को यथार्थ खर्च सहित हाल सम्म हासिल गरेका उपलब्धीहरुको संक्षेपीकरण प्रस्तुत गर्न चाहन्छु ।

गत आर्थिक वर्ष ०७२/०७३ मा केन्द्रीय चालु अनुदान रु ४१ लाख, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ रु ३६ लाख ९६ हजार, सामाजिक सुरक्षा भत्ता वापत रु १ करोड ९१ लाख ५ हजार ४ सय, आन्तरिक श्रोत मध्येको चालु खर्च तर्फ रु ३ लाख ९६ हजार ३ सय ४१ रुपैयाँ, बालमैत्री स्थानीय शासन तर्फ ४ लाख ९२ हजार ३ सय ५० र अन्य गरी ३५ लाख ४० हजार ९ सय ८१ विनियोजन गरिएकोमा केन्द्रीय चालु अनुदान तर्फ रु ३८ लाख ९० हजार ३ सय सैंतिस, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ रु ३१ लाख ३५ हजार १ सय ४०

रुपैया, सामाजिक सुरक्षा भत्तातर्फ १ करोड ५१ लाख ६ हजार ६ सय सहित कुल चालु बजेट रु १ करोड ७५ लाख ४२ हजार ७७ रुपैंया खर्च भएको छ ।

त्यसैगरी केन्द्रीय पूँजीगत अनुदान रु २ करोड ८५ लाख १२ हजार, जिम्मेवारी सरेको ५ लाख ४० हजार ९ सय ८१ रुपैया मध्ये केन्द्रीय पूँजीगत अनुदानतर्फ रु २ करोड ८२ लाख ९८ हजार ४ सय ७४, जिविस सर्शत अनुदान ९ लाख ८६ हजार रुपैया, भवन निर्माण ८५ लाख ४० हजार १ सय ६५ र सवारी खरिद २८ लाख ७ हजार ९ सय ७० रुपैया गरी जम्मा पूँजीगत बजेट रु ४ करोड ६३ लाख २६ हजार ९ रुपैया खर्च भएको छ भने आन्तरिक आय तर्फ चालु आ.व सम्म १८ लाख ४१ हजार ४ सय २६ रुपैया मौज्दात बाँकी रहेको छ ।

चालु आ.व. २०७३/७४ मा चालु खर्च तर्फ केन्द्रीय चालु अनुदान रु ४१ लाख, आन्तरिक चालु खर्च रु २० लाख ८६ हजार ९ सय ७ रुपैया, सामाजिक सुरक्षातर्फ रु २ करोड ५९ लाख ९२ हजार विनियोजित बजेट मध्ये मंसिर मसान्त सम्ममा केन्द्रीय चालु अनुदानतर्फ रु २१ लाख २४ हजार ७९७ रुपैंया र सामाजिक सुरक्षा तर्फ रु ८६ लाख ६४ हजार (पेफ बाँकी) गरी जम्मा चालु बजेट रु १ करोड ७ लाख ८८ हजार ७ सय ९७ रुपैया खर्च भैसकेको छ । त्यसैगरी चालु आ.व. २०७३/७४ मा पूँजीगत खर्चतर्फ केन्द्रीय पूँजीगत अनुदान रु ३ करोड ६८ लाख ४८ हजार, आन्तरिक तर्फ रु १३ लाख ९१ हजार २ सय ७१ रुपैया ३३ पैसा विनियोजित बजेट मध्ये मंसिर मसान्तसम्म रु ९७ हजार ५ सय ४० रुपैंया खर्च भएको छ ।

आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार निर्माणतर्फ जम्मा १३ वटा योजनाहरु सम्पन्न भएका छन् ।लक्षित बर्ग तर्फ करिव ४० वटा योजनाहरु सम्पन्न भै सकेका छन ।बिद्यालय, सिँचाईकुलो, ईसिडि ब्यबस्थापन, सडक जस्ता क्षेत्रमा प्राथमिकता दिईएको छ ।साथै प्रर्बद्धनात्मक तर्फ ३७ वटा योजना सम्पन्न भएका छन् । नगरको फोहोर ब्यबस्थापनलाई प्रभावकारी बनाईएको छ ।

नगरपालिकाको कार्यालय भवन निर्माणको लागी ठेक्का भै सकेको छ । यस नगरमा ब्यबस्थित बसपार्क बनाउन योजना सर्वेक्षण तथा डिजाईनको काम सम्पन्न भै ठेक्काको तयारीमा छ भने ठुला पुर्वाधार अन्तर्गत जिल्ला वन कार्यालय देखी खुलामँच सम्मको मुख्य बाटोलाई पक्की बनाउन सर्भे तथा डिजाईनको काम चल्दै छ । बडिमालिका बजारको फोहोरमैला प्रभावकारी ढंगबाट व्यवस्थापन गर्नका लागि ल्याण्डफिल्ड साईट छनौट भै सकेको छ, त्यसको निर्माण चालु आर्थिक बर्ष भित्र सम्पन्न गरिने छ भने १ थान टिपर खरिद गरि फोहोरमैला सँकलन गर्न थालि सकिएको छ ।बडिमालिका नगरपालिकामा भएको जनशक्तिको अभावलाई हल गर्न पदपूर्ति समिति गठन यसै बर्ष भित्र गरि सकिने छ ।

कार्यालयका महत्वपूर्ण सूचनाहरुको आम नगरबासीहरुमा सहज पहुँचका लगि नगरपालिकाको आफ्नै वेभसाइट निर्माण भई सञ्चालनमा आइसकेको छ । त्यस्तै सामाजिक सँजालहरुमार्फत पनि जनताको सुसुचित हुने हकलाई अभिबृद्धि गर्ने काम सँचालनमा छ । नगरपालिका कार्यालयमा प्राप्त हुने आम्दानी तथा खर्चको प्रभावकारी व्यवस्थापन तथा वैज्ञानिक लेखांकनका लागि कम्प्युटरबाट नै बील जारी गर्ने प्रणालीको शुरुवात चालु आर्थिक बर्षमा नै हुने गरी ब्यबस्था मिलाईएको छ ।

**अव म क्षेत्रगत तथा विषयगत रुपमा अवलम्बन गर्न लागिएका नीतिहरु प्रस्तुत गर्न चाहन्छु ।**

**क) शहरी विकास तथा भौतिक पूर्वाधार नीतिः**

१) सहभागितात्मक योजना तर्जुमाको चरणहरु पूरा गरी आएका सडक, खानेपानी, सिंचाई, तटबन्धन, भवन लगायतका भौतिक पूर्वाधार योजनाहरु बजेटको सीमा र परिधिभित्र रही प्राथमिकताको आधारमा निर्माण तथा संचालन गरिनेछ ।

२) सडक निर्माण र स्तरोन्नती गर्दा नगरक्षेत्रभित्रका मुख्य सडकहरुको पहिचान गरी सोही बमोजिम रकम विनियोजन गरिनुका साथै भईरहेका सडकहरुको स्तरोन्नती र मर्मत सम्भारमा जोड दिईनेछ ।

३) नगरयातायात गुरुयोजना, शहरी गरिवी न्यूनीकरण योजना, व्यवस्थित बस्ती विकास योजना, भूउपयोग योजना साथै नगरको समग्र नगर विकास योजना तयार गरी कार्यान्वयन तर्फ आवश्यक पहल गरिनेछ । यस कार्यको लागि शहरी विकास मन्त्रालय तथा शहरी विकास तथा भवन निर्माण विभागको सहयोगको लागि अनुरोध गरिनेछ ।

४) जनसहभागिता एंव लागत सहभागिता बढी हुने क्षेत्रका योजना तथा कार्यक्रमलाई प्राथमिकता दिईने नीति अलम्वन गरिनेछ ।

५) **सबैको रहरः समृद्ध बडिमालिका नगर** को मूल अभियानलाई सफल पार्न शहरी विकास र छुटै पहिचान झल्कने भौतिक पूर्वाधार विकासमा जोड दिइनेछ ।

६) नगरपालिका क्षेत्रभित्र खानेपानीको सहज पहँचका लागि भैइरहेको आयोजनाहरु तथा खानेपानीका श्रोतहरुको सहभागितात्मक रुपमा संरक्षण गरी खानेपानीको सहज आपूर्ति गरिनेछ ।

७) नगर क्षेत्रमा सम्पन्न भैसकेको भौतिक संरचना, सडक खानेपानी, विद्युत सिंचाई को निरन्तर संचालन कार्यको लागि आवश्यक मर्मत संभार कोषको व्यवस्था गरिनेछ र नगरपालिकाको बजेटबाट संचालन गर्न नसकिने आयोजनाहरुको लागि जिल्लास्तर, दातृ निकाय र केन्द्रीयस्तरबाट संचालन गर्नका लगि अनुरोध गर्दै सम्बन्धित निकायहरुसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

८) यस नगर क्षेत्रभित्रका बाहुली खोला, कुन्नाले गार्ड, खाड गार्ड, कुर्धालीगार्ड, बुढीगँगा, घट्टेखोला समेतका खोलाहरुबाट भएको जग्गा कटानलाई संरक्षण गर्न तटबन्धनका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

९) नगरको मुख्य बजार (डाउनटाउन) तथा अन्य केन्द्रहरुका निर्माणलाई व्यवस्थित गर्न शहरी विकास मन्त्रालयको सहयोग लिइ कार्यक्रमहरु तर्जुमा गरिनेछ । साथै भौगोलिक सूचना प्रणालीद्धारा नगर क्षेत्रका श्रोतहरुको नक्शाङकन गरिने छ ।

१०) आर्थिक सामाजिक एवं भौतिक पुर्वाधार अन्तर्गत विनियोजन भएको रकम वाट रु. ५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनोट नगर्ने स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा भएको व्यवस्थालाई जनमानसमा आत्मसात गराउन आवश्यक पहल गरिनेछ ।

११) नगर क्षेत्र भित्र भौतिक पुर्वाधारहरु निर्माण गर्दा त्यसले वातावरणीय तथा प्राकृतिक स्रोतहरुमा पार्न सक्ने असरलाई पहिचान गर्ने नीति अवलम्वन गरिने छ ।

१२) खानेपानी, सडक, ढल विद्युत लगायतका संरचनाहरु निर्माण गर्दा समन्वयात्मक ढंगले एकिकृत एवं योजनावद्ध पद्धति अवलम्वन गरिने छ ।

१३) योजना तर्जुमा कार्यान्वयन, अनुगमन, मुल्याङ्कन समेतको समग्र योजना चक्रमा विषयगत कार्यालयहरु सँग समन्वय गरिने छ ।

१४) बडिमालिका रिडरोडको ट्र्याक खोल्ने काम सम्पन्न गरी क्रमश स्तरोन्नोती गरिने छ ।

१५) नगर क्षेत्र भित्र वन्ने भवनहरुको नक्सापास प्रकृयालाई ब्यवस्थित गर्न बाटोको मापदण्ड तर्जुमा गरी एकिकृत नक्सापास कार्यविधि लागु गरिनेछ ।

१६) बस्ती विकास, शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७२ को प्रभावकारी कार्यान्वयन गरिनेछ । भुकम्पीय जोखिम न्यूनीकरणका लागि आवश्यक कार्यक्रम तय गरी कार्यान्वयनमा ल्याइनेछ ।

१७) बाजुरा उद्योग बाणिज्य संघ सँगको साझेदारीमा सि.सि.टि.भी. जडान तथा ब्यवस्थापन कार्यलाई शुरु गर्नका लागि आवश्यक पहल गरिनेछ ।

१८) भुकम्पीय जोखीम न्युनीकरण तथा वस्ती विकास, शहरी योजना तथा भवन निर्माण मापदणड २०७२ को प्रभावकारी कार्यान्वयनमा टेवा पुर्याउने उद्धेश्यले नगरपालिका भित्रका दक्ष ज्यामीहरुलाई भवन तथा अन्य पुर्वाधार सम्बन्धी Mason Training को ब्यबस्था गरिनेछ ।

<u>ख) कृषि तथा सहकारी नीतिः</u>

१) नगरपालिकाका केही वडाहरुमा व्यवसायिक कृषी, पशुपालन, तरकारी खेती, बाख्रापालन, गाईपालन नमूनाको रुपमा विकास गर्नको लागी विषयगत सरकारी कार्यालयहरु, गैरसरकारी सँस्थाहरु तथा सामुदायिक सँस्थाहरुसँग आवश्यक पहल गरिनेछ ।

२) फलफुल तथा तरकारी खेतीको लागि नगरपालिका अन्तर्गतका तिपाडा, जुगाडा, राप्क, गडखेत र भौनेरामा हिउँदे आलु, ढम्कने, कोर्ध, मनामा आलु, रजाली, ओलोना, घाँघरमा तरकारी खेती र जुगाडा, दरिपाटामा सुन्तला पकेट क्षेत्र घोषणा गरि त्यस्ता क्षेत्रमा संचालित कार्यक्रमहरुमा निरन्तरता दिदै अन्य सम्भाव्य वडाहरुमा समेत व्यावसायिक फलफूल तथा तरकारी खेती प्रवद्धर्न गर्न कार्यक्रमहरु संचालन गरिनेछ ।

३) कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सिंचाई महत्वपूर्ण माध्यम भएकोले कृषि सिंचाईका योजनाहरु संचालनका लागि प्राथमिकता दिइनेछ ।

४) समाजमा सहकारीताको विकास गराई समुदायमा आधारित सहकारी संस्था एवं सहकारी उद्यमको विकासको लागि विशेषगरी महिला तथा युवा वर्गलाई प्रोत्साहन गरिनेछ तथा भजनालाई सहकारी सँस्था मार्फत सँचालनको लागी पहल गरिनेछ ।

५) नगरक्षेत्रभित्र उत्कृष्ट कार्य गर्ने कृषक समुह / कृषि सहकारीलाई पुरस्कृत गर्ने नीति लिइनेछ । यस न.पा.को वडा नं. १० मा कृषि उपज संकलन केन्द्र निर्माण गरी त्यसलाई क्षेत्रिय हाट बजारको रुपमा विकास गर्न साझेदारी मार्फत कार्यक्रम सँचालन गरिनेछ ।

६) पशुजन्य वजारको प्रवर्द्धन गरिनेछ साथै भेडा बाख्रा र भैसी पालन फर्म स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

७) नगरवासीहरुलाई स्वच्छ, स्वस्थकर मासुजन्य बस्तु उपलब्ध गराउन ब्यवस्थीत पशु वधशाला स्थापना गर्न पूर्वाधार विकासमा जोड दिइने छ ।

८) पशुजन्य वजारको प्रवर्द्धन गर्न जिल्ला पशुसेवा कार्यालय सँग साझेदारीमा कार्यक्रम संचालन गरिने छ ।

९) लोपहुन लागेका प्रजातीका विउहरुको सँरक्षणको लागी नगरक्षेत्रमा एउटा विउ बैंक स्थापना गरिनेछ ।

१०) एक घरः एक करेसावारी भन्ने नारालाई प्रवर्द्धन गरिनेछ ।

११) पशुमुत्र सँकलन र भकारो सुधार कार्यक्रमहरु सँचालन गर्ने नीति लिईनेछ ।

<u>ग) शिक्षा, पर्यटन, युवा तथा खेलकुद र संस्कृतिसम्बन्धी नीतिः</u>

१) नगरपालिकालाई शैक्षिक केन्द्रको रुपमा विकास गर्ने गरी शैक्षिक क्रियाकलापहरु संचालन गर्न जिल्ला शिक्षा कार्यालयसंँग साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।साथै नगर शिक्षा समितिलाई क्रियाशिल बनाईनेछ ।

२) नगरक्षेत्रभित्र सामुदायिक विद्यालयमा अध्ययन गरी कक्षा १० को परीक्षामा उत्कृष्ट हुने छात्र/छात्रालाई पुरस्कृत एवं सम्मान गरिनेछ ।

३) नगरपालिका क्षेत्रभित्रका महत्वपूर्ण धार्मिक तथा पर्यटकीय क्षेत्रको संरक्षण तथा विकास गर्नको लागि छुट्टै गुरुयोजना तयार गरि सोही वमोजिम कार्यक्रमहरु संचालन गर्न आवश्यक पहल गरिनेछ ।

४) नगरक्षेत्रमा खेलकुदको विकास एंव प्रवद्र्धनात्मक कार्यक्रमहरु संचालनका लागि जिल्ला खेलकुद विकास समितिसँग आवश्यक सहकार्य र साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछ ।

५) स्थानीयस्तरमा युवा रोजगारमूलक कार्यक्रम संचालनका लागि स्थानीय सेवा प्रदायक संस्थाहरुसँग सहकार्य गरिनेछ।

६) नगरक्षेत्रभित्र परम्परादेखि संचालन हुँदै आएका मौलिक महत्व र पहिचान झल्कने कला संस्कृतिहरुको संरक्षण एवं सम्बद्र्धन गरिनेछ ।

७) नगरक्षेत्रमा पर्यटन प्रवर्द्धनको लागि ऱ्याफ्टिङ्ग, होमस्टे, वन्जिजम्पिङ, प्याराग्लाइडिङ्ग, पिकनिक स्थल, भिडियो डकुमेन्ट्री निर्माण, सँग्रहालय र नगरमा सुविधासम्पन्न पुर्तकालय निर्माण जस्ता कृयाकलाप संचालनमा जोड दिइने छ ।

८) नगरपालिका क्षेत्रलाई आधारभुत अनिवार्य शिक्षाको सुनिश्चितता भएको क्षेत्र घोषणा गर्न पहल गरिनेछ ।साथै नगर शिक्षा प्रोफाईल निर्माण गरिनेछ ।

९) यस नगरपालिका भित्र रहेका धार्मिक तथा पर्यटकिय क्षेत्रको लगत तयार गरि संरक्षण तथा सम्वद्र्धन र प्रबर्द्धन गरिनेछ ।

१०) प्राविधिक तथा सीपमुलक शिक्षालयको स्थापना गर्न जोड दिईनेछ । साथै स्नातकोत्तर तह सम्मको पढाई नगरक्षेत्रमा नै हुने ब्यबस्था गर्नको लागी आवश्यक पहल गरिनेछ ।

११) नगरका प्रतिभावान खेलाडीहरुलाई सम्मान गर्ने नीति लिईनेछ ।

<u>घ) आर्थिक प्रशासन तथा राजश्व परिचालन नीतिः</u>

१) समग्र आर्थिक प्रशासन (बजेट, लेखा व्यवस्थापन, लेखापरीक्षण) लाई सवल, सक्षम, मितव्ययी, उत्तरदायी, प्रभावकारी र नतिजामुखी तुल्याउन आवश्यक प्रयासहरु गरिनेछ ।

२) नगरपालिकाको आन्तरिक श्रोतलाई प्रभावकारीरुपमा बृद्धि गर्दै जाने नीति अवलम्वन गरिनेछ ।

३) लेखा प्रणालीलाई विद्युतीय प्रणाली मार्फत व्यवस्थित गरिनेछ ।

४) सवै ब्यवसायिहरुलाई करको दायरामा ल्याउन उनीहरुलाई ब्यवसायिक फर्म दर्ता र नविकरण गर्न प्रोत्साहन गरिनेछ । नगरक्षेत्रभित्र सञ्चालित व्यवसायहरुको लगत तयार गरी अद्यावधिक गर्दै लगिनेछ ।

५) आगामी आ.व. २०७४/७५ देखी एकीकृत सम्पत्ति कर लागु गर्न आवश्यक तयारी चालु आ.व. २०७३/७४ मा नै पुरा गरिनेछ ।

६) नगरक्षेत्रको उत्कृष्ट करदाता सम्मान गर्ने नीति लिईनेछ ।

<u>ङ) सामाजिक विकाससम्बन्धी नीतिः</u>

१) सबै जातजातिका अति विपन्न महिला, आदिवासी, दलित, अपांग, मुस्लिमलाई विकासका हरेक क्रियाकलापहरुमा सहभागी गराई क्षमता विकास र सशक्तिकरणमा जोड दिइनेछ ।

२) लैङ्गिक विकासका लागि समानुपातिक व्यवहार, लैगिङ्ग बजेट र सशक्तिकरण गर्ने नीति अवलम्वन गरिनेछ ।

३) अन्तर्राष्ट्रिय बाल अधिकारसम्बन्धी महासन्धि एवं राष्ट्रिय नीतिहरुले समेत निर्दिष्ट गरेका बालबालिकाको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारलाई स्थानीय स्तरमा प्रवर्द्धन गर्दै लगिनेछ।

४) बालमैत्री नगरपालिका स्थापनाका लागि बालबालिकासम्बन्धी क्रियाकलाप सघन रुपमा संचालन गरिनेछ । बालक्लबहरुको संस्थागत विकास र विस्तारका लागि विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५) विपन्न, दलित, आदिवासी/जनजाति, मुस्लिम, अपांगता भएका व्यक्तिहरुको हक अधिकार प्रवर्द्धनका लागि विकास निर्माण प्रकृयामा समावेशीकरणयुक्त सहभागिता सुनिश्चित गर्न आवश्यक पहल गरिनेछ ।

६) दलित, आदिवासी/जनजाति वर्गहरुको परम्परागत सीप विकास, भाषा संस्कृतिको संरक्षण र सम्वद्र्धन गर्दै सामाजिक विकासमा सहयोग पुऱ्याउने नीति लिइनेछ ।

७) अपांगता भएका व्यक्तिहरुको सामाजिक पहिचान कायम राख्दै आर्थिक, सामाजिक विकासमा सहयोग, सम्बृद्धि र विकासका लागि यथोचित बजेट विनियोजित गरिनेछ ।

८) नगरपालिका कार्यालयमा एक लैङ्गिक डेस्कको स्थापना गरी एक सम्पर्क व्यक्ति (फोकल पर्सन) समेत तोकिनेछ ।

९) असहाय, अपहेलित तिरस्कृत बालबालिका तथा महिलाको संरक्षणको लागि स्थापित विशेष कोषको सञ्चालनलाई प्रभावकारी तुल्याइनेछ ।

१०) नगरक्षेत्र भित्र जेष्ठ नागरिक हेरचाह केन्द्र, वाल अनाथालय साथै सुरक्षित महिला आवास गृह निर्माणका लागि संभाव्यता अध्ययन गरिनेछ ।

११) लैङ्गिक हिँसा, जातिय भेदभाव, वालविवाह, छाउपडी जस्ता कुप्रथाहरुको न्युनिकरण गर्न विशेष कारर्यक्रम सँचालन गरिनेछ ।

<u>च) संचार क्षेत्र एवं पत्रकारिता विकास नीतिः</u>

१) नगरक्षेत्र भित्रका सामुदायिक रेडियोहरु तथा अन्य सँचार माध्यमहरुको संस्थागत विकास गर्न आवश्यक सहयोग गरिनेछ ।

२) स्थानीय पत्रपत्रिका, स्थानीय एफ. एम. रेडियो एवं स्थानीय टेलिभिजनमार्फत नगरका गतिविधिहरु, प्रकाशन, एवं प्रसारण गरिनेछ ।

३) संचार तथा पत्रकारिताको विकास अभिबृद्धि गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

४) नगरपालिकाबाट सँचालित विभिन्न कार्यक्रम तथा विकास निर्माणका क्रियाकलापहरुलाई राष्ट्रिय तथा स्थानिय स्तरमा प्रचारप्रसार तथा सम्प्रेरण गर्ने पत्रकारहरुमध्येबाट एक जना पत्रकारलाई बार्षिक रुपमा पुरस्कृत गर्न बडिमालिका पत्रकारिता पुरस्कार स्थापना गरिनेछ ।

५) पत्रकार महासँघको सँस्थायत विकास गर्नको लागी बजेट ब्यबस्था गरिनेछ ।

६) नगरक्षेत्रभित्रका सबै क्षेत्रमा टेलिफोन तथा ईन्टरनेट सेवाको पहुँच पुर्याउन आवश्यक पहल गरिनेछ ।

**छ) सार्वजनिक-निजी साझेदारी नीतिः**

१) मासु पसल सुधार, डेरी पसल, पशु वधस्थल र पशु वधशाला निर्माण जस्ता कार्यक्रमहरु साझेदारी गरी संचालन गरिनेछ ।

२) नगरक्षेत्रभित्र मनोरञ्जन पार्क, पुस्तकालय आदि निर्माण एंव संचालन गर्न जिल्ला उद्योग वाणिज्य संघसँग साझेदारीको मोडल तय गरी आवश्यक कार्य प्रकृया अगाडि बढाईनेछ ।

३) फोहरमैला तथा सरसफाइ व्यवस्थापनको कार्यलाई सार्वजनिक-निजी साझेदारीमा संचालन गरिनेछ ।

४) हाल सञ्चालित बडिमालिका बजार सरसफाई अभियान, २०७३ लाई थप प्रभावकारी बनाउन सरकारी, गैरसरकारी, निजी एवं सामुदायिक संस्थाहरुबीच आवश्यक समन्वय गरिनेछ । यो अभियानलाई नगरपालिकाका अन्य वडाहरुमा समेत विस्तार गर्दै लगिनेछ ।

५) जिल्लास्थित उद्योग वाणिज्य संघसंग संभावित विकासका क्षेत्रहरुको पहिचान गरी साझेदारीलाई प्रवद्धर्न गर्ने नीति लिईनेछ ।

६) नगरको साँस्कृतिक, सामाजिक तथा धार्मिक र पर्यटन प्रवद्धर्नको लागी प्रत्येक २/२ बर्षमा बडिमालिका महोत्सव गरिनेछ ।

**ज) सुशासन प्रवद्धर्न तथा संगठन विकास नीतिः**

१) नगरपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र सस्थागत प्रणालीलाई चुस्त/दुरुस्त, विश्वसनीय, क्षमतायुक्त र प्रभावकारी बनाइनेछ ।त्यसका लागी पदपुर्ती समिति गठन, कर्मचारी विनियमावली निर्माण लगायतका कार्यहरुलाई तिव्रता दिईनेछ ।

२) नगरपालिकाको वेभसाइटलाई थप व्यवस्थित गरी जनताको सूसुचित हुन पाउने हकलाई व्यवहारमा अवलम्बन गरिनेछ । सूचनाको हकको प्रत्याभूतिका लागि सामाजिक सञ्जालहरुको प्रयोगलाई समेत बढावा दिइनेछ ।

३) सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षणलाई अनिवार्यरुपमा अवलम्वन गरी सुशासन प्रवद्धर्नमा विशेष जोड दिइनेछ ।

४) नगरपालिकाको संस्थागत क्षमता वृद्धिका लागि भौतिक पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ ।

५) उत्कृष्ट कार्य गर्ने कर्मचारी, करदाता, उपभोक्ता समिति, पत्रकार, टोल विकास समिति, स्थानिय सुशासनमा योगदान गर्ने ब्यक्ती वा सँस्थालाई पुरस्कृत गर्ने पद्धतिको अवलम्बन गरिनेछ ।

**झ) सामाजिक परिचालन तथा टोल विकास नीतिः**

१) टोल विकास तथा सामूदायिक संघ/संस्थाहरुको सहयोग, समन्वय र सक्रियातामा सामुदायिक विकासका कार्यक्रम संचालन गरिनेछ ।

२) नगरपालिकाका सबै वडाहरुमा सामाजिक परिचालनका कार्यक्रमहरु मार्फत सामाजिक सचेतना अभिवुद्धि गर्दे सवै वर्ग र क्षेत्रको सहभागिता वढाइनेछ ।

३) सामाजिक परिचालनका लागि गैर सरकारी संस्था सामुदायिक संस्था स्थानीय आमा समूह, साथै महिला समूह, वडा नागरिक मञ्च, युवा क्लबहरु र बालक्लबहरुलाई परिचालन गर्ने नीति लिइनेछ ।

५) नगरपालिका क्षेत्रभित्र टोल विकास समितिहरु गठन गरी तिनीहरुमार्फत फोहोरमैला व्यवस्थापन, टोलको समग्र विकास र सामाजिक परिचालनमा योगदान पुऱ्याइनेछ ।

**<u>ञ) वन उद्योग र वातावरण नीतिः</u>**

१) सामुदायिक वन क्षेत्रको संरक्षण र सम्वद्र्धनकोलागि जिल्ला वन कार्यालयसंग साझोदारीमा कार्यक्रम संचालन गरिनेछ ।

२) वातावरण मैत्री स्थानिय शासनको प्रारुपमा उल्लेखित सूचकहरुको उपलव्धिको लागि तदनुरुप कार्यक्रमरु संचालन गरिनेछ ।

३) लघु घरेलु तथा साना उद्योगको प्रवद्धर्नको लागि स्थानिय स्तरमा उपलव्ध स्रोत तथा साधनको प्रयोगमा जोड दिइनेछ ।जसका लागि घरेलु उध्धोय विकास समितिसँग सहकार्य गरिनेछ ।

४) परम्परागत सीपमा आधारित उद्यमलाई प्रवद्धर्न गरिनेछ ।

५) दर्ता नभई संचालनमा रहेका उद्योग तथा व्यवसायलाई करको दायरामा ल्याइनेछ ।

६) लोपोन्मुख जडिवुटी तथा वन्यजन्तु संरक्षणका लागि विशेष पहल गरिनेछ ।

७) यस नगरपालिकालाई स्वच्छ, सफा सुन्दर राखी यस नगरको फरक पहिचान गराउनका लागि हरित नगरको अवधारणलाई कार्यान्वयन गर्न आवश्यक अध्ययन गरी कार्ययोजना निर्माण गरिनेछ ।

८) नगरक्षेत्र भित्र सँचालन भएका क्रसर उद्दोयहरुको ब्बस्थापन गर्न जिल्ला विकास समिति र जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरिनेछ ।

९) एक घरः एक विरुवा कार्यक्रम सँचालन गर्ने नीति लिईनेछ ।

**<u>ट) स्वास्थ्य तथा सरसफाइ नीतिः</u>**

१) सरसफाइमा यस नगरलाई नमूना नगरको रुपमा विकास गरिनेछ । नगरभित्र सृजित फोहर व्यवस्थापनको लागि घरघरमै फोहरको व्यवस्थापन गर्न समुदायको परिचालनमा जोड दिइनेछ ।

३) नगरको फोहर व्यवस्थापनको लागि ल्याण्डफिल साईटको निर्माणको लागि जग्गा प्राप्ति र वातावरणीय अध्ययनको कार्य अगाडि बढाईनेछ ।

४) नगरक्षेत्रमा पोलिथिन झोलाको प्रयोगलाई निरुत्साहित गर्दै प्लाष्टिक झोलामुक्त नगरपालिका घोषणा गर्न कार्ययोजना निर्माण गरिनेछ ।

५) नगरक्षेत्रको मुख्य बजार क्षेत्र र चोकमा सार्वजनीक शौचालय निर्माण गरी सार्वजनिक निजी साझेदारी मार्फत संचालन एवं व्यवस्थापन गरिनेछ ।

६) स्वास्थ्य र सरसफाइ सम्बन्धी जनचेतना अभिबृद्धि गरी HIV/AIDS लागुपदार्थ तथा दुव्र्यसनी नियन्त्रण र हेरचाहको लागि विभिन्न स्वास्थ्य संस्थाहरुको सहयोग, समन्वय र साझेदारी गर्ने नीति अवलम्वन गरिनेछ ।

७) नगरपालिकाभित्र संचालित ठूला आयोजनाहरुको निर्माणमा वातावरणीय प्रभाव मुल्याङकन र Bio-Engineering को प्रविधि अवलम्वन गरिनेछ ।

८) नगरपालिकालाई पुर्ण खोप न.पा. घोषणा गरिने छ ।

<u>ठ) अन्य विविध क्षेत्रः</u>

१) नगरपालिका क्षेत्रभित्र आकस्मिक रुपमा पर्न सक्ने विपदमा एवं राहतको लागि विपद्उद्धार कोषको प्रभाावकारी संचालन गरिनेछ ।

२) नगरको समग्र आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यटकीय संभावनाहरुको विकास र विस्तार गर्नको लागि नगरपालिका संघ, क्षेत्रीय अध्ययन केन्द्र जस्ता निकायहरुको उपयोग गर्दै राष्ट्रिय एवं अन्तर्राष्ट्रिय रुपमा समान प्रकृतिका स्थानीय निकायहरुसँग भगिनी सम्बन्ध कायम गर्ने र त्यस्ता फोरमहरुलाई नगरको विकासको लागि उपयोग गर्ने नीति लिईनेछ ।

३) नगरक्षेत्रभित्र विद्युत सेवा नियमित एवं व्यवस्थित गर्नका लागि आवश्यक समन्वय गरिनेछ ।

४) विभिन्न सेवा सुविधाको लागि सदरमुकाममा केन्द्रीत भै अस्थायी वसोवास गर्ने महिलाको लागि उत्पादनमुलक आय आर्जनका कार्यक्रमहरु संचालन गरिनेछ ।

५) विकास निर्माण कार्यमा नगरक्षेत्रको शान्ति, सुव्यवस्था र अमनचयन एक महत्वपूर्ण आयाम भएकोले यस कार्यमा जिल्ला स्थित सुरक्षा निकायसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

६) समुदायको सहभागितामा सडक वत्तीको व्यवस्था गरिनेछ ।

७) नगरपालिको ऐलानी तथा सरकारी पर्ति जग्गाको संरक्षण गर्नको लागि त्यस्ता जग्गाको पहिचान गरी लगत कायम गरिनेछ ।

**आदरणीय उपस्थित महानुभावहरु,**

अब म आगामी आ.व. को प्रस्तावित बजेट तथा कार्यक्रम पेश गर्न चाहन्छु । आगामी आ.व. २०७४/७५ को लागि चालु तर्फ केन्द्रीय चालु अनुदान रु ४५ लाख १० हजार, आन्तरिक चालु बजेट रु २८ लाख २० हजार तथा सामाजिक सुरक्षातर्फ रु २ करोड ५९ लाख ९२ हजार गरि जम्मा रु ३ करोड ३३ लाख २२ हजार बजेट विनियोजन गरेको छु । पूँजीगत बजेट तर्फ पूँजीगत केन्द्रीय अनुदान रु ३ करोड ५३ लाख ३३ हजार, स्थानीय विकास शुल्क कोष तर्फ रु ९ लाख ५४ हजार २ सय, आन्तरिक पूँजीगततर्फ रु १८ लाख ८० हजार, जिल्ला विकास समिति अनुदान ६० लाख ६४ हजार २ सय, ठुला पुर्वाधार तर्फ १ करोड, नगरक्षेत्र पुर्वाधार विकास कार्यक्रम तर्फ २ करोड १२ लाख ८१ हजार गरी जम्मा पूँजीगत बजेट रु ७ करोड ७ लाख १२ हजार ४ सय गरी जम्मा रु कुल जम्मा बजेट रु. १० करोड ६० लाख ३४ हजार ४ सय रुपैंया बराबरको कुल बजेट प्रस्ताव गरेको छु ।

प्रस्तुत बजेटमध्ये समपुरण कोषका लागि रु ५८ लाख ८० हजार, विभिन्न कोष तथा विशेष कोषहरुतर्फ रु १२ लाख, लक्षित वर्ग तर्फ रु १ करोड २९ लाख ४० हजार ५ सय ६० रुपैया, आर्थिक/सामाजिक/भौतिक पूर्वाधार विकासतर्फ रु १ करोड १२ लाख ९७ हजार १ सय ८ रुपैया ८८ पैसा र प्रवर्द्धनात्मक कार्यक्रम तर्फ ७५ लाख ३१ हजार ४ सय ५ रुपैया ९२ पैसा बजेट विनियोजन गरेको छु ।

चालु आर्थिक बर्षका लागि समपुरण कोष तर्फ नगरपालिका भवन निर्माणको लागि रु ३० लाख आयामी आ.वको लागी रु ३० लाख, बसपार्क निर्माणको लागी रु २७ लाख विनियोजित गरेको छू भने आगामी आवको लागी नगर क्षेत्र पुर्वाधार विकास कार्यक्रम र अन्य समपुरण कोष तर्फ खर्च गर्ने गरी बजेट प्रस्ताव गरेको छु । लक्षित कार्यक्रम तर्फ ४० वटा आयोजनाहरु प्रस्ताव गरेको छु, जसमा सीपमुलक तथा क्षमता विकास, लोकसेवा तयारी कक्षा, खानेपानी, सामुदायिक भवन निर्माण जस्ता आयोजनाहरुमा बजेट विनियोजन गरिएको छ । आर्थिक, सामाजिक तथा भौतिक पुर्वाधार विकास तर्फ १६ योजना प्रस्ताव गरेको छु । जसमा प्रत्येक कार्यक्रमको लागि ५ लाख भन्दा कम बजेट नहुने गरी ब्यबस्था मिलाएको छु ।

**आदरणीय उपस्थित महानुभावरु,**

उपरोक्त नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनका लागि यस समारोहमा उपस्थित प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु एवं सम्पूर्ण नगरबासीहरुबाट सल्लाह र सुझावको अपेक्षा गरेको छु । प्रस्तुत बजेट तर्जुमा गर्ने क्रममा सहयोग पुर्‍याउनुहुने राजनीतिक दलका नेताज्यूहरु, बुद्धिजीवि, समाजसेवी, राजश्व परामर्श समितिका सदस्यज्यूहरु, एकीकृत योजना तर्जुमा समितिका सदस्यज्यूहरु, नगरस्तरीय समन्वय समितिका पदाधिकारीज्यूहरु, वडा नागरिक मञ्चहरु एवं सम्बद्ध सवैलाई हार्दिक धन्यबाद व्यक्त गर्दछु । साथै यस कार्यमा अहोरात्र खट्ने बडिमालिका नगरपालिकाका कर्मचारीहरु र सामाजिक परिचालकहरु धन्यवादका पात्र हुनुहुन्छ ।

अन्त्यमा, हाम्रो निमन्त्रणालाई स्वीकार गरी आफ्नो कार्यव्यस्तताका बावजुद उपस्थित भई नगरपरिषद्को गरिमा बढाइ दिनु हुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, लगायत अतिथिज्यूहरुमा विशेष आभार प्रकट गर्दछु । विकासको एक्लो कर्ता सरकार मात्र होइन भन्ने धारणा विकसित भइसकेको वर्तमान सन्दर्भमा बडिमालिका नगरपालिकाले सधै विकासका साझेदारहरुलाई स्वागत गर्दै साझेदारी, समन्वय र सहकार्यको माध्यमबाट बडिमालिका नगरको समृद्धि निम्त्याउन प्रतिवद्ध रहेको व्यहोरा समेत यस शुभ अवसरमा निवेदन गर्दछु ।

प्रस्तुत नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनका लागि यहाँहरु सबैको सहयोग र प्रेरणा मिल्नेछ भन्ने विश्वास व्यक्त गर्दै पुनः प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु ।

धन्यवाद ॥ नमस्कार ॥ जय बडिमालिका ॥

**प्रदिपचन्द्र सुबेदी**

**प्रमुख एवं कार्यकारी अधिकृत**